नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
सिंहदरवार, काठमाडौं

अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको तृतीय चरण अन्तर्गतको विस्तृत स्वास्थ्य परीक्षण सम्बन्धी

सूचना

मिति २०८३/०७/१७

नेपाल विशेष सेवा अन्तर्गत राष्ट्रिय अनुसन्धान विभागमा रिक्त रहेको अनुसन्धान अधिकृत (रा.प.तृतीय श्रेणी) पद संख्या-४०(चालीस) र अनुसन्धान सहायक (रा.प.अनं.द्वितीय श्रेणी) पद संख्या-५०(पचास) मा खुल्ला प्रतियोगितात्मक समावेशी प्राबधान बमोजिम पदपूर्ति गर्न विभागको मिति २०८२/०५/१३ गते प्रकाशित विज्ञापन नं. ०१/०८२/८३ र ०२/०८२/८३ अनुसार श्री लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारहरुको नतिजा लोक सेवा आयोगबाट प्रकाशन भईसकेको र उक्त प्रकाशित नतिजा विभागको वेबसाइट **www.nidept.gov.np** मा समेत रहेको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै, द्वितीय चरणको लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरुलाई पाठ्यक्रममा तोकिए बमोजिम तृतीय चरण अन्तर्गतको विस्तृत स्वास्थ्य परीक्षण गराइनेछ भन्ने प्राबधान रहेको हुँदा **विस्तृत स्वास्थ्य परीक्षण**का लागि प्रवेशपत्र लिई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुनुपर्ने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

क्र.सं.	पद	श्रेणी	विज्ञापन नं.	विस्तृत स्वास्थ्य परीक्षणको			कैफियत
				मिति	समय	स्थान	
१	अनुसन्धान अधिकृत	रा.प. तृतीय	०१/०८२/८३	२०८३/०८/०७ गते सोमबार	विहान ११:०० बजे	सशस्त्र प्रहरी बल, नेपालको नेपाल ए.पि.एफ.अस्पताल, बलम्बु, काठमाडौं	विस्तृत स्वास्थ्य परीक्षण गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित उम्मेदवारले व्यहोर्नु पर्नेछ ।
२	अनुसन्धान सहायक	रा.प.अनं. द्वितीय	०२/०८२/८३	२०८३/०८/०८ गते मङ्गलबार	विहान ११:०० बजे		

नोट

अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको प्रकाशित विज्ञापनको बुँदा नं. १३ (घ) मा **"लिखित परीक्षामा सफल उम्मेदवारहरुलाई पाठ्यक्रममा तोकिए बमोजिम सशस्त्र प्रहरी बल, नेपालको नेपाल ए.पि.एफ. अस्पतालबाट विस्तृत स्वास्थ्य परिक्षण गराईनेछ"** भन्ने प्राबधान रहे अनुरुप स्वास्थ्य परीक्षण हुनेछ । साथै उम्मेदवारहरुले तोकिएको स्थानमा आधा घण्टा अगावै अनिवार्य रुपमा प्रवेशपत्र साथमा लिएर उपस्थित हुनुपर्नेछ । यसरी विस्तृत स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवारहरु मात्र चतुर्थ चरणको परीक्षामा सहभागी हुन सक्ने व्यहोरा सूचित गरिन्छ ।